<u>बैठक संख्या — ५६</u>

आज मिति २०८३ साल वैशाख २८ गते सोमबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बबि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

## उपस्थिती

| क.सं | पद | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | श्री बबि कुमार राई | |
| २. | गाउँपालिका उपाध्यक्ष | श्री दिनेश पौडेल | |
| ३. | वडा अध्यक्ष वडा नं १ | श्री पर्वत राई | |
| ४. | वडा अध्यक्ष वडा नं २ | श्री बल बहादुर श्रेष्ठ | |
| ५. | वडा अध्यक्ष वडा नं ३ | श्री सन्तोष कुमार मगर | |
| ६. | वडा अध्यक्ष वडा नं ४ | श्री विसाल राई | |
| ७. | वडा अध्यक्ष वडा नं ५ | श्री मेघनाथ तामाङ | |
| ८. | वडा अध्यक्ष वडा नं ६ | श्री खडी बहादुर मगर | |
| ९. | वडा अध्यक्ष वडा नं ७ | श्री सुशिल राज चौहान | |
| १०. | वडा अध्यक्ष वडा नं ८ | श्री पूर्ण बहादुर कुवर | |
| ११. | वडा अध्यक्ष वडा नं ९ | श्री सेमन्त राज दाहाल | |
| १२. | कार्यपालिका सदस्य | श्री मखे कुमारी लिम्बु | |
| १३. | कार्यपालिका सदस्य | श्री मेनुका श्रेष्ठ | |
| १४. | कार्यपालिका सदस्य | श्री उषा राई | |
| १५. | कार्यपालिका सदस्य | श्री मातृका देवी दर्जी | |
| १६. | कार्यपालिका सदस्य | श्री इन्दिरा दर्जी | |
| १७. | कार्यपालिका सदस्य | श्री मान बहादुर राई | |
| १८. | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | श्री तेजिन्द्र गौतम | |
| **अन्य उपस्थिती** | | | |
| १. | अधिकृत आठौं | श्री काशिनाथ खनाल | |
| २. | लेखा अधिकृत सातौं | श्री शालीग्राम दाहाल | |
| ३. | अधिकृत छैटौं | श्री रमेश पोखेल | |
| ४. | सु.प्र.अ. | श्री हिमाल घिमिरे | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

प्रस्ताव तथा निर्णयहरु:

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | पूर्व बैठक समिक्षा सम्वन्धमा, | ५५ औं कार्यपालिका बैठकका निर्णयहरुको बारेमा समिक्षा गरियो । बैठकमा भएका निर्णयको कार्यान्वयन सन्तोषजनक देखिएको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो । |
| २. | अध्यक्षकप फुटवल प्रतियोगिता सम्वन्धमा । | आ.व.२०८२।०८३ को स्वीकृत कार्यक्रमबाट अध्यक्षकप फुटवल प्रतियोगिता मिति २०८३।०२।२२ गते देखि श्री मनोहर जनता मा.वि. मिक्लाजुङ ७, मोरङको खेल मैदानमा संचालन गर्ने र सो खेलकुद प्रतियोगिताको व्यवस्थापन ९ नं वडा कार्यालयले गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ३. | वहुवर्षिय स्वीकृत गरी योजना संचालन गर्ने सम्वन्धमा । | मिक्लाजुङ गाउँपालिकाको तपसिल बमोजिमका योजनाहरुलाई बहुवर्षिय योजना स्वीकृत गरी प्राविधिक लागत अनुमान बमोजिम कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल<br>१. गैरी गाउँ टोल कालोपत्रे मिक्लाजुङ ९<br>प्राविधिक लागत अनुमान रु.३३,५५,७८०।५८<br>२. वेलगौंडे मलामी टहरा सडक देखि उत्तर चन्द्रोदय आ.वि. सडक कालोपत्रे मिक्लाजुङ-७<br>प्राविधिक लागत अनुमान रु.४२,५४,७२७।३<br>३. सफेवाखोला, आपे खोला, मुगु खोला पुलको दायाँ बायाँ बाँकी रहेको सडक कालोपत्रे<br>४. एवाई किराना देखि देविथान सिमसार सडक कालोपत्रे मिक्लाजुङ-७ को कार्य बाट सोही सडकमा टायल्स लगाउने |
| ४. | रकमान्तर गरी कार्यक्रम संचालन गर्ने सम्वन्धमा । | १. मिक्लाजुङ गाउँपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत कार्यक्रम मिक्लाजुङ गाउँपालिकाको सम्पादिन कार्यको डिजिटल विवरण अध्यावधिक शीर्षकमा रहेको रकम रु.५,००,०००।— (अक्षरेपी पाँच लाख रुपैयाँ) बाट गाउँपालिकाको आर्थिक, सामाजिक तथा पर्यटकीय, लगायतका विषय समावेश गरी वृत्तचित्र निर्माण गर्नको लागि रु.४,००,०००।— (अक्षरेपी चार लाख रुपैयाँ) रकमान्तर गर्ने निर्णय स्वसम्मतले पारित गरियो ।<br>२. मिक्लाजुङ गाउँपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत कार्यक्रम आँपटार चिलाउनेटार सडक विस्तार मिक्लाजुङ-२ शीर्षकमा रहेको ५,००,०००।— र समपुरक कोषमा रहेको रकम मध्येबाट रु.५,०००००।— गरी जम्मा रु.१०,००,०००।- गाउँपालिकाको विपद व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय स्वसम्मतले पारित गरियो । |